# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर म्याग्दी

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल


प.स. - ०८०/८१
च.नं.-

मिति : २०८०/१२/२५

ने. सं ११४४ चिल्लागा, १४ आइतवार

श्री कक्षा ८, सञ्चालित सवै विद्यालयहरु

अन्नपूर्ण गाउँपालिका, म्याग्दी

**विषय : नतिजा प्रकाशन सम्बन्धी सूचना !**

प्रस्तुत विषयका सम्बन्धमा गाउँपालिकास्तरीय आधारभुत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा समितिको मिति २०८०/१२/२४ गतेको वैठकको निर्णयानुसार शैक्षिक सत्र २०८० सालको आधारभूत शिक्षा (कक्षा -८) उत्तीर्ण परीक्षाको अन्तिम नतिजा प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । नतिजा सम्बन्धी विस्तृत जानकारीका लागि emis.cehrd.gov.np मा गइ सम्बन्धित विद्यालयको इमिस ID र Password मार्फत Log In गरी Dashboard मा रहेको Manage Exam/School Level Mark/View Ledger मा क्लिक गरी हेर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ। लेटर ग्रेडिङ निर्देशिका २०७८ (संसोधन सहित) बमोजिम ग्रेड वृद्धि परीक्षा दिनुपर्ने विद्यार्थीहरुको हकमा निम्नानुसार निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ।

**देहायः**

१. बढीमा दुइ विषयमा NG ग्रेड प्राप्त गरेका विद्यार्थीहरुको ग्रेड वृद्धि परीक्षा २०८१/०१/०५ गतेदेखि देहायको तालिका अनुसार परीक्षा हुनेछ। दुइ भन्दा वढी विषयमा NG ग्रेड प्राप्त विद्यार्थीहरुले कक्षा दोहर्याउनु पर्नेछ भने ग्रेड वृद्धि परीक्षाका सम्पूर्ण प्रश्न पत्रहरु शिक्षा शाखावाट सम्बन्धित विद्यालयमा परीक्षा सुरु हुनुभन्दा १ घण्टा अगाडि Gmail मार्फत पठाइनेछ।

| क्र.स. | मिति | विषय | कैफियत |
|---|---|---|---|
| १ | २०८१/०१/०५ | नेपाली/अंग्रेजी/गणित | |
| २ | २०८१/०१/०६ | विज्ञान | |
| ३ | २०८१/०१/०७ | कम्प्युटर | |

२. ग्रेड वृद्धि परीक्षा सम्बन्धित विद्यालयमै सञ्चालन हुनका साथै सम्बन्धित विद्यालयका विषय शिक्षकवाट उत्तर पुस्तिका परीक्षण गरी मिति २०८१/०१/१५ गते भित्र परीक्षण गरेको उत्तरपुस्तिका र प्राप्ताङ्कको विवरण शिक्षा शाखामा पेस गर्नुपर्नेछ।

३. सफल विद्यार्थीहरुको Grade Sheet, Ledger र Certificate प्रिन्ट गर्नुपर्ने भएको हुँदा जन्मदर्ता प्रमाणपत्र अनुसार विद्यार्थीको विवरण पुन रुजु गरी फरक परेको भए सात दिन भित्र शिक्षा शाखामा जानकारी गराउनुहुन साथै नतिजा प्रकाशनमा कुनै प्राविधिक त्रुटि भएमा नतिजा अभिलेखको आधारमा पुन संशोधन गरिने छ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत